# GoldS Light

## Voice of Golden Sungava

| Year 2 | Issue 2 | Febuary 2019 |

**विशेष सम्पादकिय**

## सरस्वती पूजाको महत्व र यसको महिमा

श्रीपञ्चमी अथवा वसन्त पञ्चमी सनातन हिन्दुहरूको एक विशेष पर्व हो । यस दिन विद्याकी देवी सरस्वतीलाई विभिन्न किसिमले पूजा आरधना गरि  मनाइन्छ । यो पर्व माघ शुक्ल पञ्चमीको दिन पर्दछ ।

सरस्वतीलाई बागेश्वरी, भगवती, शारदा, वीणवादनी, वरदायनी, काम धेनु, वाग्देवी, जगमाता, कौमारी आदि हजारौ नामहरूले पूजा गरिन्छ । यिनी विद्या र बुद्धि प्रदातृ मानिन्छिन् । यि देबीले बजाएको बीणको आवाजबाट नै आधुनिक संगीतको जन्म भएको विश्वास गरिन्छ । त्यसैले यिनलाई सङ्गीतकी देवी पनि भनिन्छ । स्वर, सङ्गीत, ताल, लयकी श्रोत सा रे ग म प ध नि सं देखि नृत्यकला, कार्यकुसलता, ज्ञानको भण्डार, वास्तुकला, शिल्पी प्रविधि, हातको सीप, वाणीको माधुर्य, गला र कलाको निरन्तर साधनाबाट साध्य प्राप्तीमा प्रेरित गर्ने सरस्वतीका विभिन्न साधना र पूजा अर्चना गरी मनाइन्छ ।

वसन्त पञ्चमीको दिनलाई यिनको  जन्मोत्सवको रूपमा पनि मनाइन्छ । सरस्वतीको रूपमा यिनी हाम्रो बुद्धि, प्रज्ञा र मनोवृतिहरूकी संरक्षिका हुन् । हामीमा जो आचार र मेधा छ त्यसको आधार भगवती सरस्वती नै हुन् । यिनको समृद्धि र स्वरूपको वैभव अतुलनिय छ । उत्साह, लगनशीलता र अथक प्रयासलाई नै सफलताको प्रेरक मान्ने देवी विद्याकी खानी नै हुन् । सबै भन्दा उत्तम धन भनेको विद्या नै हो । विद्याहीन व्यक्ति भाग्यबाट टाढा रहन्छ । नैतिकता, लज्जा, त्याग, सेवा र समर्पण भाव नै विद्याका गहनाहरू हुन् ।



विद्याकी देवी सरस्वतीलाई विभिन्न व्यक्तिहरूले विभिन्न तवर ले पूजा अर्चना गर्ने प्रचलन छ । बौद्धधर्मीहरूले उनलाई मञ्जुश्रीका नामले चिन्दछन् भने उनका विभिन्न स्वरूपका चिन्तन गर्दै बालबालिका अक्षरम्भ गर्दछन् । बुद्धिजीवीहरू विशेषज्ञता प्राप्त गर्ने प्रयास गर्छन । वाहन राजहंसले दूध र पानीलाई सहजै छुट्याउन सकेझैं ठीक वा बेठिकको सहि पहिचानको ज्ञान, बुद्धि, संयम र विवेक प्रदायिनी देवी सरस्वतीको कृपा प्रसादबाटै मानव मस्तिस्कको अथाह ज्ञानको प्रयोग गर्दै आजको संसार विज्ञानमय बनेको छ र सर्वसुलभ सुविधा प्राप्त गरेको छ । संस्कार, सभ्यता र संस्कृतिकी श्रोत महादेवी सरस्वती जयन्तीका दिन नाक, कान, छेड्नेदखि अन्य शुभकार्यहरू आरम्भ गर्दा कुनै साइत जुराउनु पर्दैन । विद्यार्थीहरू घरै बसेर पनि सरस्वतीको साधना गर्छन् मने विद्यालय, महाविद्यालय वा आ-आफ्ना पराक्रम स्थलकरूमा वा मन्दिर विशेषमा उनको उपसना गर्ने गर्छन् । धातु या मूर्तिम वा प्रतिमा या उनका चित्र अङ्कित फोटोहरू सजाएर आफ्नो साधनालाई निरन्तरता दिने सन्दर्भम साधकहरू देवीलाई मनपर्ने दही, दूध, ध्यू, मह, चिनी, नैवेदहरू, फलफुल, मिठाई,कपुर, वस्त्र, भेटी, चन्दन, अगरू, शफ, बेल, मूला, लड्डु नरिवल आदि अर्पण गर्ने गर्दछन् ।

सरस्वतीका प्रसिद्ध पीठहरूमध्ये काठमाण्डौं उपत्यकामा जयवागेश्वरी, स्वयम्भूमा, मञ्जुश्री, हाँडीगाउँ, बल्खु, गैह्रीधारा, भक्तपुरको थाकलमाठको सरस्वती मन्दिरहरूमा सरस्वती मुर्ति बनाई पूजा गर्ने चलन छ । मूर्तिमा प्राण प्रतिष्ठा गरी धूमधाम पूजा र बाजागाजा गरी जलाशायमा बिसर्जन गर्ने चलन देखिन्छ । सरस्वतीको सेवाले व्यक्ति हरेक क्षेत्रमा सफल हुने मान्यता रहिआएको छ ।

माथिका हरफहरूले पनि के पुष्टी गर्दछ भने वसन्त पञ्चमी हिन्दुहरूको पवित्र दिन हो । यस दिन जुनसुकै कार्यको सुरूवात गर्दा सपल हुने विश्वास गरिन्छ । साना-साना बालबालिकाहरूको अक्षरआरम्भ गर्ने पवित्र दिनको रूपमा बसन्त पञ्चमीलाई लिने गरिन्छ । उक्त दिन यस विद्यालयले पनि स-साना बालबालिकाहरूलाई लक्षित गरि अक्षरआरम्भको कार्यक्रम राखेको हुँदा उक्त कार्यक्रमा सहभागी भई प्रसाद ग्रहण गरी सफल बनाइदिनुहुन हाम्रा आदरणीय अभिभावक, शुभेच्छुक, शुभचिन्तक,बुद्धिजीवीहरूमा विद्यालय परिवार हार्दिक अनुरोध गर्दछ ।

## सुनगाभा खेलकुद सप्ताह २०७५ सम्पन्न

**गोल्डज लाइट ।**





गोल्डन सुनगाभा इङ्लीस सेकेण्डरी स्कुलले गत माघ ९ गते १४ गते सम्म यस वर्षको शैक्षिक कार्यक्रम अन्तर्गत खेलकुद सप्ताह सफलता पूर्वक सम्पर्न गरेको छ । विद्यालय प्राङ्गणमा सम्पन्न उक्त खेल सप्ताहमा विभिन्न कक्षागत तथा सदनगत सामुहिक खेलहरू खेलाइएका थिए । विद्यालय अतिरिक्त क्रियाकलाप इन्चार्ज विनय खड्काको संयोजकत्वमा सम्पन्न उक्त खेल सप्ताहमा सामुहिक खेललाई विशेष जोड गरिएको थियो । "स्वस्थ्य जीवन र व्यावहारिक शिक्षा का लागी खेल" भन्ने मुल उदेश्य राखी खेल सप्ताह सम्पन्न गरिएको थियो ।

५ दिन सम्म चलेको उक्त खेल सप्ताह कक्षा नर्सरी देखि कक्षा ९ सम्मका विद्यार्थी भाईवहिनीहरूको सहभागिता रहेको थियो । कार्यक्रम संयोजक खड्काले दिएको जानकारी अनुसार, गत वार्षझैं यस वर्ष पनि विद्यार्थी भाइवहिनीहरूलाई सामुहिकतामा जोड दिई विभिन्न खेलहरू खेलाइएको थियो । विभिन्न तह र विधा गरि कुल ३५ खेल खेलाइएको उक्त सप्ताहमा छात्र तथा छात्राको छुट्टा-छुट्टै विधा समावेश गरिएको थियो ।

सअस्तित्व, सहयोगी भावनाको विकास गरि स्वअनुशासनमा रहि शिक्षा हासिंल गर्नका लागी यस्ता खेलकुद गतिबिधिले विद्यार्थीहरूलाई सहयोग पुग्ने विश्वास यस विद्यालयकी निर्देशक बिनु गोदार थापाले व्यक्त गर्नुभयो । विद्यार्थी भाइ बहिनीहरूलाई खेल मार्फत बैज्ञानिक र व्यावहारिक शिक्षा  दिन विद्यालय व्यावस्थापन सधैं लागिरहेको कुरा विद्यालयका प्रिन्सिपल महेश चन्द्र गौतमले बताउनुभयो । खेल पनि शिक्षण सिकाइको एक क्रियाकलाप हो यसले विद्यार्थीहरूको बौद्धिक, मानसिक र शारिरीक विकास गरि सुयोग्य नागरिक निर्माणमा टेवा पुऱ्याउने विश्वास विद्यालयले लिएको भनाई विद्यालयका अध्यक्ष लिला  नाथ निरौलाले राख्नुभयो ।

## पुरस्कार वितरण सम्पन्न

**गोल्डज लाइट ।**





"स्वस्थ्य जीवन र व्यावहारिक शिक्षा का लागी खेल"भन्ने मुल नाराका साथ यस वर्षको शैक्षिक कार्यक्रम अन्तर्गत खेल सप्ताह को अन्तिम दिन एक भव्य कार्यक्रमको आयोजना गरि विजेता सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरू लाई पुरस्कार वितरण गरिएको थियो । विद्यालय प्रवन्ध  निर्देशक विष्णु कुमारी गोदारको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ५ दिनसम्म चलेको उक्त खेल महोत्सवका विजयी प्रथम, द्धितिय र तृतिय हुन सफल सदन तथा कक्षाका भाई वहिनिहरूलाई सर्टिफिकेट र मेडल सहित सम्मान गरिएको थियो । कुल ३५ विधामा सम्पन्न खेल महोत्सवमा विजयी करिब ६०० विद्यार्थी भाइ बहिनीहरूलाई सम्मान गरिएको थियो । उक्त समारोहमा बोल्नु हुँदै विद्यालय प्रवन्ध निर्देशक थापाले खेलका माध्यमबाट शिक्षण सिकाइमा विद्यालय प्रशासन हरबखत लागिरहेको विचार व्यक्त गर्नुभयो । यसै गरि सोहि कार्यक्रममा बोल्नुहुदै विद्यालयका प्रिन्सिपल महेश चन्द्र गौतमले खेलकुदका कार्यक्रमहरूले मनोरञ्जन दिनुका साथै विद्यार्थीहरू बिच आत्मियता बढाइ उत्तरदायी बन्न सहयोग पुग्ने र शिक्षण सिकाइमा पनि विद्यार्थीहरू अब्बल हुँदै जाने भनाइ राख्नु भयो । खेल सप्ताह सफलता पुर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण सहकर्मी शिक्षक-शिक्षिका, अभिभावक, विद्यार्थी भाई बहिनि तथा अन्य मा आभार प्रकट गर्नुहुँदै विद्यलय अतिरिक्त क्रियाकलाप इन्चार्ज विनय खड्काले भविष्यमा पनि निरन्तर यस्ता कार्यक्रम आयोजना गर्दै सवल र स्वस्थ्य नागरिक उत्पादनमा राष्ट्रलाई टेवा पुऱ्याउन गोल्डन सुनगाभा सफल रहने विचार व्यक्त गर्नुभयो ।




*Published by* **Golden Sungava EngSec School**
*Advisory Board* **LN Niroula**
*Vishnu Kumari* **Thapa(Binu)**
**Mahesh Chandra Gautam**
*Patron* **Sthir Raj Chapagain**
*Editor* **Binaya Khadka**
*Editorial Board* **Sudip Limbukhim**
**Tika Nepal, Anil Dong, Samir Naupane**
*Computer* **Guru Lama Karki**
*E-mail* **sungava2053@gmail.com**
*Print* **Brothers Offset Press, Gatthaghar**

# म्याप्स फुटसलको उपाधी गोल्डन सुनगाभालाई

**गोल्डज लाइट ।**

चाणक्य मा.बी. को संयोजकत्वमा Mutual Activities of Private Schools (MAPS) का सदस्य विद्यालय स्तरीय फुटसल प्रतियोगिताको उपाधि गोल्डन सुनगाभाले हात पार्न सफल भएको छ ।

म्याप्स अन्तर्गतका ६ विद्यालयका विद्यार्थीवीच खेलाइइएको उक्त फुटसल प्रतियोगिताका सम्पूर्ण खेलमा गोल्डन सुनगाभा अपराजित रहँदै विजेता बन्न सफल भएको थियो ।



खेल सुरूवातदेखि उपाधि दाबेदारका रूपमा हरियो टिम सुनगाभाले निकै मिहेनत गरेर उच्चतम नतिजा हात पार्न सफल भएको टिम म्यानेजर तथा विद्यालयका E.C.A. Incharge विनय खड्काले जानकारी दिनु भयो ।

लिग चरणका सम्पूर्ण खेल जितेर ग्रुपका शिर्ष स्थानमा रहदै गोल्डन सुनगाभाले नकआउट चरणमा भने लिटिल गार्डेन स्कुललाई पाखा लगाउँदै फाइनल यात्रा तय गरेको थियो । यता फाइनलमा भने गोल्डेन सुनगाभाले फुलब्राइटलाई ३-१ गोल अन्तरले जित निकाल्दै उपाधि आफ्नो पोल्टामा राख्न सफल भएको थियो ।

प्रथम पटक आयोजित उक्त फुटसल प्रतियोगिताको उपाधि जित्न सफल भएकोमा विद्यालयका फुटबल प्रशिक्षक राजेश श्रेष्ठले बिजेता भाइ बहिनीहरूलाई बधाइ दिनुहुँदै आगामी दिनहरूमा पनि यस्ता प्रतियोगितामा उपाधि जित्ने विश्वास गर्दै अझ बढि मिहेनत गर्ने कुरा बताउनुभयो । भक्तपुरको कान्छो क्लस्टरका रूपमा उभिएको MAPS मा हुने गरेका विभिन्न प्रतियोगितामा आफ्नो विद्यालयका विद्यार्थी भाई-बहिनीहरूको प्रस्तुति परिस्कृत भएर आउने कुरामा विद्यालय ढुक्क रहेको व्यहोरा यस विद्यालयका अध्यक्ष लिला नाथ निरौलाले बताउनु भयो । साथै खेलको अलवा यसरी नै आगामी दिनहरूमा पनि विद्यालयले पठन-पाठन तथा अन्य क्रियाकलापमा विद्यालयमा विद्यार्थीहरूलाई अब्बल बनाउदैं लगिने कुरा अध्यक्ष निरौलाले जानकारी दिनुभयो ।

# सर्वोकृष्ट खेलाडीमा पुन गोल्डन सुनगाभा

**गोल्डज लाइट ।**



म्याप्स विद्यालय स्तरीय आयोजित प्रथम फुटसल प्रतियोगिता अन्तर्गत खेल अबधिभर आफ्नो अब्बल कला तथा अनुशासित खेल प्रस्तुत गर्न सफल गोल्डन सुनगाभाका खेलाडी राजकुमार रायमाझीले सर्वोकृष्ट खेलाडीको उपाधि हात पार्न सफल भएका छन् ।

म्याप्स कप गोल्डन सुनगाभालाई दिलाउन अहम भूमिका प्रस्तुत गरेका खेलाडी रायमाझीले खेल अवधिभर निकै अनुशासित खेल प्रस्तुत गरेकाले सर्वोकृष्ट खेलाडीका रूपमा सम्मान गरिएको आयोजकले जानकारी दिएको छ ।

स्मरण रहोस गत वर्ष मध्यपूर युथ एसोसियसनको आयोजनामा सम्पन्न होम एन्ड अवे लिग खेलमा पनि गोल्डन सुनगाभाका खेलाडी राजकुमार रायमाझीले नै सर्वोकृष्ट खेलाडीको उपाधी हात पार्न सफल भएका थिए ।

# म्याप्स लोक नृत्य प्रतियोगितामा गोल्डन सुनगाभा दोस्रो

**गोल्डज लाइट ।**

चाणक्य स्कुलको संयोजकत्वमा आयोजित प्रथम म्याप्स सामुहिक लोक नृत्य प्रतियोगितामा गोल्डन सुनगाभा विद्यालयले द्धितिय स्थान हात पार्न सफल भएको छ ।



बिभिन्न सस्कृति झल्किने नृत्य प्रस्तुती दिनु पर्ने आयोजकको नियम अनुरूप सामूहिक झ्याउरे सस्कृति झल्काउने नृत्य प्रस्तुत गरि गोल्डन सुनगाभाले उपाधि हात पार्न सफल भएकोमा खुसी व्यक्त गनुहुदैं विद्यालय नृत्य शिक्षिका नारायणी राउतले सम्पूर्ण विद्यार्थीको सामूहिक भाव तथा मिहेनत ले उपाधि जित्न सफल भएको कुरा जानकारी दिनु भयो ।

## कथा र कविता



उडेर हैन जागेर लेख
कथा र कविता
घोचेर हैन सोचेर लेख
कथा र कविता
विल्डिडमा हैन बगरमा बसेर लेख
कथा र कविता
काठमाण्डौं मात्रै सहर बजार हैन
के हेर्छौ रमिता
फर्केर जाउ गाउँ-गाउँमा तिमी
विकासको मुल फुटाइ
देशको मुहार फेर्नका लागि

✍जतिन दाहाल, कक्षा- ४

## गरिब

स्कुल जाने बेला भयो खाना पाक्दैन
भोको पेट स्कुल जान मन लाग्दैन आमा ! मन लाग्दैन
झोला छैन लुगा छैन मैलो स्कुल जानु सरमको भारी
साथीको छि-छि र दुर-दुर कति सहनु आमा सधैं भरी

हामी साना नानी हाम्रो कुरा कसले सुन्नेहो ! अब
हाम्रो बाल अधिकारलाई कसले बुझ्ने हो आमा !
यस्तै चाल हुने भए देशको विकास कसरी हुन्छ ?
बालबालिकाको भावना बुझ्ने कानुन कहाँ छ आमा ?

✍बिनायक भारती , कक्षा: ६

## कविता



फुल त्यसै फुल हुदैन थियो होला
बसन्त नआएको भए
हामि साथी बन्दैन थियौं होला
सायद गोल्डन सुनगाभा पढ्न नआएको
भए

स्कुल राम्रो गोल्डेन सुनगाभा
मन्दिर राम्रो मनकामना
SEE मा राम्रो गर्नुस दाजु, दिदी
यहि छ मेरो शुभकामना !

✍अशिम बुढाथोकी, कक्षा- ७

## Cheetah

Cheetah cannot roar but they do growl, hiss, pur and chirp. The cheetah's 'semi non- retraceable ' claws (almost like dog claws) they work like the cleats on a football shoe to give the cheetah a lot of traction when running. The pads of most catsspaw's are soft , but the cheetah's pads are hard kind of like the rubber on a tree. This also helps them grip the ground when they are running so fast.

Cheetah accelerating from 0 to 96 km/hr (60 mph) in three second, the cheetah is the world's fastest land mammal. They inhabit the grasslands of Eastern, Central and Southwestern Africa as well as a small portion of cheetah's have several special adaptations that allow them to reach top speeds, wide nostrils and large lungs combined with a powerful heart and strong arteries provide more oxygen to their muscles. Their huge leg muscles main consist of fast twitch fibers, which contract faster than normal muscles.

✍*Stuti KC-5*

## चुटकिला



सर : राम ! ल भन त विश्वको सबै भन्दा ठुलो गायक को हो ?
राम : सर ! लामखुट्टे
सर : कसरी
राम : सर ! लामखुट्टे आउने वित्तिकै सबैले ताली बजाउन थाल्छन
सर : ल ठिक छ, अब भन त कुन महिनामा २८ दिन हुन्छ ।
राम : सर ! सबै महिनामा २८ दिन हुन्छ । २८ दिन नआई २९ दिननै आउँदैन

राम : सर ! अब म एउटा प्रश्न सोध्छु ल ?
सर : ल सोध
राम : एउटा पाठोले डाँडाको टुप्पोमा बच्चा पाएछ । त्यो बच्चा केटा हो कि केटी ?
सर : सजिलो छ । त्यो बच्चा त केटा नै हो नी किनकि तेस्ले बच्चा पाएको थियो बच्ची त थिएन नि
राम: गलत जवाफ सर !
राम : किनकी पाठो नै बच्चा हो त्यसले कसरी बच्चा पाउँछ सर

✍सायूज्य बास्तोला, कक्षा ६

## कविता



आहा ! कति प्यारो राम्रो मेरो गोल्डन
सुनगाभा जाऊँ जाउँ लाग्ने मलाई
प्यारो मरो सुनगाभा
शिक्षक मेरा कति प्यारा साथी अतिनै मिलनसार
अज्ञानलाई ज्ञानको ज्याति दिने मरो सुनगाभा द्धारा
पढ्ने लेख्ने केही बन्ने मरो प्यारो सपना
त्यसमा साथ दिने मलाई मेरा प्यारा गुरु गुरुआमा
गृहकार्य सधै गर्ने मरो राम्रो बानी
ठुलो भएर मलाई बन्नुछ यो देशको नामी
त्यसैले त भन्ने गर्छु मेरो प्यारो सुनगाभा
साथमा साथ दिइ अघि बढौ यो हाम्रो आँगन
आगनमा

✍आयन चापागाई, कक्षा- ४

## मेरो देश

सुन्दर हिमाल, हरिया वन राम्रा
तराई, पहाड, हिमाल अझै कति राम्रा

मलाई सबै प्यारो
मलाई सबै राम्रो
नेपाल नै हो स्वतन्त्र देश हाम्रो

धेरै छन् पहाड र हिमाल,
धेरै छन देश,
तर नेपाल नै हो हाम्रो प्यारो देश ।

यहाँ जन्मेका छन वीर
यहाँ शहिद भएका छन वीर
हामी सधैं उच्च राख्छौ उनीहरुको शिर ।

हाम्रो भाषा राम्रो,
हाम्रो भेष राम्रो,

सबै जात जाति अट्ने
नेपाल देश हाम्रो

नेपाल छ हिमाल माथि माथि,
नेपालका नेपाली सबै हाम्रा साथी



✍सौरभ कार्की, कक्षा ६

## आमा



आमा तिम्रो च्यातिएको चोली टाल्न सकिनँ
म छोरी भएर तिमीलाई पाल्न सकिन ।

छोरा छैन घरै रित्तो छोरी भए बेकार
सोचलाई बिगारेर जिन्दगी गाल्न सकिन ।

भेदभावको ठुलो पर्खाल समाजमा छ
त्यो पर्खाललाई कसैगरि ढाल्न सकिनँ ।

छोराले गरे किरिया बैकुण्ठ पुगिन्छ रे
त्यो अन्धविश्वास जरैबाट फाल्न सकिनँ ।

परिवर्तनको वाहक बन्ने थियो चाहना
सबै मनमा ज्ञानको ज्योति बाल्न सकिनँ ।

✍सृजना अधिकारी, कक्षा ८

## प्यारो शनिबार



आइत, सोम, मङ्गल, बुध, बिहि, शुक्रबार
सबै बार एउटै हुन् तै पनि मलाई मेरो प्यारो शनिबार

लेख्न पढ्न भुलेर भुवा जस्तै उडेर
साथी संगी दौतरी सबै संग मिलेर
खेल्ने मेरो बार प्यारो शनिबार

पुतली झै उडेर फुलैफुलमा डुलेर
हप्ता दिनको आनन्द एकै दिनमा लुटेर
खेल्ने मेरो बार प्यारो शनिबार ॥

✍ कृष्ण भट्ट, कक्षा : चार

# विजयी विद्यार्थीहरुलाई सम्मान

**गोल्डज लाइट ।**



म्याप्स अन्तर्गतका विद्यालयहरू बीच आयोजना गरिएको प्रथम म्याप्स कप फुटसल प्रतियोगिता तथा प्रथम म्याप्स स्तरीय लोक नृत्य प्रतियोगितामा सम्पूर्ण विजयी विद्यार्थीहरूलाई एक कार्यक्रमका विच विशेष सम्मान तथा पुरस्कार हस्तानतरण गरिएको छ ।

गोल्डेन सुनगाभा स्कुलको विहानको प्रार्थना सभा (Morning Assembly) मा अयोजित उक्त कार्यक्रममा सम्पूर्ण विजयी विद्यार्थीहरूलाई सम्मान गरिएको जानकारी दिनु हुँदै प्रिन्सिपल महेश चन्द्र गौतमले यसरी सम्पूर्ण विजयी विद्यार्थीहरूलाई Morning Assembly मा पुरस्कृत गर्दा अन्य कक्षाका विद्यार्थी हरूलाई गौरब महसुस हुने कारण Morning Assembly मा उक्त कार्य सम्पन्न गरिएको बताउनु भयो ।

### Biography of Mahendra Singh Dhoni (MSD)



My favourite game is cricket. Many players are famous because of cricket. Some of them are Mahendra singh Dhoni, Rohit Sharma, Sandip Lamichhane, Parash Khakda, GyanendraMalla, Rohit Poudel, etc. But my best player's name is Mahendra Singh Dhoni (Mahi). Today I am going to write the biography of Mahendra singh Dhoni.

Mahendra singh Dhoni was born on 7$^{th}$ July 1981 AD in Radhi, Bihar of India. His nickname is Mahi. He plays cricket from his country India. His father's name is Pan Singh Dhoni. His mother's name is Sakshi Singh Dhoni. His daughter's name is Ziva Singh Dhoni. In childhood he wanted to be a footballer but in any way, he became a cricketer. He has played many international games. He became a captain in 2007 for national team of his country, India. Then he became a captain from 2007 to 2014 AD. Now he is going to play last world-cup of 2019 because after that World-Cup he is going to take retire from cricket game. He has played more 150+ ODI. He has played more then 100+ test series. He has played 150+ T20. The people of his country are proud of him. When he was captain his team won the World-Cup and T20 World-Cup. So he is the best player and source of inspiration of my life.

*✍Anup Raj Acharya, Class-8*

### My Inspiration



There are many interests in human. To fulfill the interest, there are many responsible persons who are very experienced and can help us . Just like others I have also interest in many things but the most interesting, I felt is to play cricket and to be a successful cricket player.

Cricket is the interesting game for me .So to be the successful cricketer in my life I have a person who inspires me to do and to learn many things to achieve my goal. AB de Villers (Abraham Benjamin De Villers) the pride of South Africa is my source of inspiration to be respectful cricket player and to show sportsmanship. He shows deep intrest not only in cricket he also plays many others sports like ruby football, badminton, long-tennis which are similar to me.

Abraham Banjemin De Villers was born on 17$^{th}$ February 1984 AD in a city named Pretoria South Africa. He does his cricket debut in 2004 AD against ODI England, Abraham Benjamin De Villers has set the record for the fastest IOO in ODI in balling against West Indies. He is also South Africa's highest individual scorer in innings in test matches. He had also contributed lot for team RCB in IPL.

On October 2018, he retired from the international career. Now, he is a role model for all cricket fans. I want to be just like AB DE Villers in my coming future.

*✍Rasik Sharma,Class-8*

### Smoking is bad for health



Once, upon a time in a village there lived a girl with her mother. Her mother always smoked. One day, the girl said to her mother, "I have got 87% in the SEE so, my teacher has said that you should come with your parents and fill up the entrance form of college". Her mother dind't have sound sleep because of smoking. While, her mother was coughing blood came out from her mouth. Then, her mother knew that she was suffering from T.B. because of smoking. She was sick and couldn't go with her daughter to fill up the entrance form. i.e. her daughter coul'nt go to college because of not going her mother to fill up the form. Her daughter deprived of education and her life became dark and sorrowful. Moral : Smoking is harmful for family life and for individual's health

*✍Riju Gautam Class-4*

### Importance of Education



Education is important for our life. Student gets knowledge in schools, college, etc. We need education because we want good job in our life, like nurse, bank manager, an officer etc.

It helps us to develop personality and earn recognition and respect in the family and society. We can say that education is socially and personally essential factor of human life.

Education not only makes us able to learn about history, science, math, geography, and other subjects, it makes us smart enough to learn how to live life and handle bad situations.

*✍Depika Bhandari, Class-4*

### Cow

A cow is a useful animal. It gives milk for us. We use milk to make butter, curd, ghee and cream. These milk products are good for our health. Like milk, cow dung is also of great use. Farmers use it in the field to grow better crops. Moreover, cow's skin is used to make lether shoes, belts and purses. Thus farmer prefer to raise cows than other animals.

*✍Rakesh Lama, Class-3*

### School



School is a holy place where a person learns skill, good manners and knowledge. School is an agent of a social reform as it makes the student aware from the different social problems and evils. School is a second home of a children and home is a first school. Child does the things what the family taught by them. School makes us discipline person. The teachers in school say us to be in manner, good person and maintain discipline. It teaches us to be aware from the evils, witch doctor etc. It provides us lifetime opportunities to be better ourselves through learning. It is a the place to shape of the future of the students. The school offers us wisdom, friendship, various life-skills, better understanding of ourselves. We should love our school and the teacher who dedicate their life for our sake.

*✍Namsham Rai, Class-6*

### Friend



1+1=2
My friendship is true
2+2=4
My friendship is more
3+3=6
My friendship is fix
4+4=8
My friendship is great
5+5=10
My friendship is main

*✍Kritika Khyaju, Class-6*

### Biography ofAnthony Burgees

Anthony Burgees is a famous English writer and musician. His book 'A Clockwise Orange' is a very popular work in English literature.

Anthony Burgees was 40 when he learnt that he had only one year to live. He had a year. He felt very sad that time as he had nothing to leave behind for his wife.

Burgees had never been a professional novelist in the past, but he always knew that something potential was inside him to be a writer.

But sadly, He was died in 1999 .

### Importance of English Language



English language is widely spoken language in the world. It has brought the people of the different parts of the world its communicable approach. It has been very essential to the people in education, transport, business, journalism, sports, technology etc. One seems to be lame in the absence of English language in this world at present as they cannot perform their daily activities. Various multinational companies, supermarkets, trade centers etc use English language as the medium of communication . It has been the cause that English language has received its popularity through out the world .

English has been the language used in different fields like education, sports, business etc. Many subjects of our course are taught and studied in English language . English songs and films are worldwide famous and have been the source of entertainment to many people. English is taught as a compulsory subject from the school level in Nepal. International negotiations and treaties are also in English language.

English language is an international language. It has been essential to everyone to open the door of knowledge and information. Therefore, its importance is increasing day by day in the modern age.

*✍Rojina B.C., Class-8*

### Some unknown facts about model health

1. 68.3% of models suffer from anxiety and depression.
2. 64.1% of models have been asked to lose their weight by their agencies.
3. 50.6% of models have been exposed to cocaine.
4. 48.7% of models fast ; do 'cleanses' or otherwise restrict their food intake over short periods to lose weight.
5. 24.7% of models have been thinking that they may have alcohol or drug problems.
6. 31.2% of models have been eating disorders.
7. 28.8% of models have lack of health insurance.

*✍Asmita Lama, Class-8*

### Student Life

A person who goes to school or college to gain knowledge is called student. Normally, people of age group 3-18 years goes to school .

Student life is most important and pleasant stage of life. The future life of a man depends on his student's life. If a man reads hard, he can be better teacher, doctor, pilot, engineer etc. If a man doesn't read hard, he/she can 't get knowledge and his/her future will be dark.

Students are the shoulder of the nation. Today's students are mirror of the nation. so, students life is the important stage of life.

*✍Nabin Basnet, Class-5*

### Some Amazing Facts

1.The electric chair was invented by a dentist.
2.The rainbow is seen circle when it is observed through a helicopter.
3.The supercars like Lamborghini, Mercedes are from the same company Woswagon.
4.At the center of the sun, the temperature rises upto 15 million degrees celsius (15000000 °c)
5.If you went to the end of the universe, you will return back to the same point where your journey started.
6.To become an astronaut, your hight must be upto 6.2 feet only. If your hight is above 6.2 feet then don't think of going to the space.
7.The 1 year in Neptune is equal to 165 years in the Earth.
8.The highest temperature recorded on the earth surface is 52.6°c measured in Libya.
9.There is a village named Nepal in Japan.

*✍Anurag Niroula, Class-8*

### नेपालको राष्ट्रिय झन्डा

राष्ट्रिय झन्डा राष्ट्रको पहिचान हो । कुनै पनि देशमा राष्ट्रिय झन्डा हुन्छ । राष्ट्रिय झन्डाले राष्ट्रको प्रतिनिधित्व गर्दछ । यो राष्ट्रिय चिन्ह वा प्रतिक हो । एउटा देशभित्र बसेका सबै जातजाती, धर्म संकृति एव्म पेशा वर्गका मानिसहलाई एउटै सुत्रमा बाँध्ने काम यसले गर्दछ । हरेक देशको केहि न केहि कुरालाई त स्पष्ट गरेको हुन्छ । राष्ट्रिय झन्डा राष्ट्रको गौरव पनि हो । यसले राष्ट्रबासीको गौरवपूर्ण इतिहासलाई पनि सङ्केत गरेकै हुन्छ ।

नेपाल एउटा स्वतन्त्र राष्ट्र हो । नेपालको पनि राष्ट्रिय झन्डा छ र त्यस राष्ट्रिय झन्डामा नेपालीको जीवनपद्धती र धर्मसंस्कृति झल्किएको छ । यसलाई नेपाली विरहरुले ज्यानको बाजी लगाएर आजसम्म जोगाएका हुन । यदि इतिहाँस नै हेर्ने हो भने यसमाथि अनेकन आक्रमणहरु भएका देखिन्छन् । यसले नेपालको जिवन्ततालाई पनि बुझाँउछ । नेपालको राष्ट्रिय झन्डा अरु देशको भन्दा बेग्लै प्रकारको छ । अनौठो छ, र अनुपम छ । नेपालको राष्ट्रिय झन्डाको माथिल्लो भागमा चन्द्रमा चिन्ह छ भने तल्लो भागमा सूर्यको चिन्ह रहेको छ । यसका रङ् र चिन्हहरु अर्थपुर्ण छन् । यस भन्डाको किनारको निलो रङ्ले नेपाली बिशाल हृदयका छन भन्ने सङ्केत गर्छ । यसमा अङ्कित चन्द्रमा र सूर्यले नेपाल राष्ट्रको अमरतालाई सङ्केत गर्छन ।

अनेकतामा एकताको विशेषता भएको नेपाल राष्ट्रको जनता आफ्नो राष्ट्रिय झन्डालाई हरहाल झुक्न दिदैनन् । राष्ट्रिय भन्डा र जनताबिच घनिष्ट सम्बन्ध हुन्छ । जनताले आफ्नो राष्ट्रिय झन्डालाई रक्षा गरेर हामिले सगरमाथामा पनि फरफराएको देख्न सक्छौं जुन विश्वको उच्च शिरमा रहेको छ । यस झन्डाको आजीवन रक्षा गर्नु नै हरेक नेपालीको परम कर्तव्य हो ।

*✍अर्चना लामा, कक्षा-८*

### चुटकिला



(एउटा गाउँमा मिल्ने साथी थिए । उनीहरुको नाम राम र श्याम थियो । त्यहि बेला राम रोइ राखेको थियो )

श्याम: तिमी किन रोएको ?
राम : मेरो पोथी कुखुरा मर्‍यो त्यही भएर रोएको
श्याम : जाबो तिम्रो कुखुरा मर्दा रुन्छौ, मेरो बाउ मर्दा त म रोइन
राम : तिम्रो बाउले अण्डा दिनुहुन्थ्यो र ?

*✍राहुल गारु, कक्षा-८*

### Family

Once there lived a boy with his mother. His father always drank alcohol in the evening and came at home and always bit his wife. Once the wife became angry and left the house with his son and started to live in another village and worked hard to educate her son. Her son was so intelligent and he always became first at school. She used to become happy. In SEE exam he secured 3.9 grade and became a doctor. He became rich and lived happily with her mother. One day his father came and said sorry to them. From that day, he learnt the importance of family and lived happily with his family.

*✍Susmita Shahi, Class-4*

### Friend In Life

A friend is there,
when you need nothing,
But a best friend is there
when you are nothing.

Good friends are
hard to find
Hard to lose and
impossible to forget.

*✍Pujan Deshamaru, Class-7*

## General Knowledge

१. महाभारतमा गान्धरीका कति जना सन्तान थिए ?
२. सगरमाथा आरोहण गर्ने प्रथम नेपाली अपाङ्ग पर्वतारोहि को हुन ?
३. माछाहरूको समूहलाई अङग्रजीमा के भनिन्छ ?
४. रातदिन अक्सिजन दिने विरुवा कुन हो ?
५. कुन अंग बनाउन मानब शरीरले प्रशस्त फलाम लिन्छ ?

## गाउँखाने कथा

१. उसले बोल्दा सबै ध्यान दिएर सुन्छन कुरा सबै बुझ्न सके मानिस हुन्छन् ज्ञानी के हो ?
२. मन चोर्ने मायालु ति राती राती आउछिन उज्यालो हुन नपाउदै कुन्नी कता जान्छिन के हो ?
३. सफा चिज चाहिदैन फोहोरमा बस्छ रात भरि आहार खोजी दिन भरि लुक्छ के हो ?
४. लामो लामो लहरामा फल्ने मिठो फल खाँदा भने मुख भरी हुन्छ जलै जल के हो ?
५. हात खुट्टा केही छैन जाता सुकै जान्छ बोल्ने मुख नभए पनि गोप्य कुरा खोल्छ के हो ?

## विद्यार्थी भाईबहिनीहरूमा अनुरोध

विद्यार्थी भाइबहिनीहरू, *General knowledge* र *गाँउ खाने कथा*मा भएका प्रश्नहरूको सहि उत्तर फागुन ३ शुक्रवार गते सम्ममा आइपग्ने गरी सम्पादक मण्डललाई बुझाउन अनुरोध गर्दछौं सहि उत्तर दिने मध्ये गोला प्रथाद्धारा १/१ जनालाई पुरस्कृत गरिनेछ ।


Mandip, Class-S.K.G.


Research Dotel, Class-1


Fariyaj Ansari,Class-3


Sampana Thokar, Class-1


Swornim Thokar, Class-1



Subigya Bhandari,Class-5


Gaurav Adhikari, Class-3


Abhishek Mukhiya, Class-8



Stuti Chapagain, Class-1


Class Nine-Ten Students inEducation Tour


MAPS Dance Competition Winners -2075


Deusi Bhailo -2075


Class-8 students in Excursion


Pre-Primary Outing


Indoor Sports in School


Sports Days Winners


Pre- Primary Students in Sports Week